का.जि.प्र.का.द.नं. १००/०५९/६०

३० चैत २०७८,
बुधबार
13 April 2022,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ६७ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

### सत्तारुढको सहमति

# शक्तिका आधारमा भागबण्डा

## एकीकृत समाजवादीबाट विभाजित शक्ति मान्ने

स्थानीय तहमै साझा उम्मेदवार तय गर्न आगामी ४ वैशाखसम्म समय दिने निर्णय गरेको सत्ता गठबन्धनले एकीकृत समाजवादीलाई नेकपा एमालेबाट विभाजित शक्तिका रुपमा स्वीकार्ने निर्णय भएको छ । तर भागबण्डा गर्दा भने विगतका नतिजासँगै वर्तमान जनमतलाई पनि आधार मान्ने निर्णय भएको छ ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ चैत ।

सत्ता साझेदार दलहरुको मंगलबार साँझ बसेको बैठकले स्थानीय चुनावको भागबण्डा मिलाउन स्थानीय तहलाई आगामी ४ वैशाखसम्मको समय दिएको छ । नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाका अनुसार, साझा उम्मेद्वार तय गर्न स्थानीय नेताहरुलाई थप समय दिइएको हो । यसअघि २५ चैतसम्म स्थानीय नेताहरुलाई तालमेलको प्रयास गर्ने समय दिइएको थियो ।

तर कतैबाट पनि साझा उम्मेद्वार सिफारिस भएनन् । यसपछि बालुवाटारमा लगातार तीन दिन सत्ता साझेदार दलको बैठक बसेको थियो । सत्ता साझेदार दलहरुको बैठकले पनि सहमति जुटाउन सकेन । आइतबार र सोमबार सहमति नजुटेपछि मंगलबार फेरि सत्ता साझेदार दलहरुको बैठक बोलाइएको थियो ।

तर सोमबार संयुक्त बक्तव्य जारी गरेको सत्ता गठबन्धनले मंगलबार कुनै निर्णय लिन सकेन । सोमबार संयुक्त अपिल जारी गरेर गठबन्धनका उम्मेद्वार जिताउनेगरी लाग्न आह्वान गरिएको थियो । 'हिजोका सबै आपसी मतभेदलाई पर पन्छाउँदै चुनावमा एकअर्कालाई निरन्तर सहयोग गर्न प्रण गर्दछौं', अपिलमा भनिएको थियो । त्यो बैठकले देशैभर ठाउँ र अवस्था अनुसार तालमेल गर्न अपिल गरेको थियो ।

मंगलबारको बैठकले भने ठाउँ र अवस्थाबारे आधार तयार पारेको छ । बैठकले एकीकृत समाजवादीले अघिल्लो चुनावमा भाग नलिए पनि एमालेकै शक्तिका रुपमा स्वीकार गर्ने भएको छ । त्यसो हुँदा अघिल्लो पटक पाएको मतधारलाई नै आधार मानेर साझा उम्मेद्वार तय गर्ने मापदण्ड गठबन्धनको बैठकले तय गरेको छ ।

ती आधारमा एकीकृत समाजवादीमा गएका जनप्रतिनिधिलाई स्वीकार गरिने भएको छ । एमालेले जितेपनि त्यहाँ प्राप्त गठबन्धनको मताधारका आधारमा तालमेलको शक्ति सन्तुलन मिलाइने भएको छ । तर महानगरको निर्णय भने केन्द्रबाटै हुने भएको छ ।

२०७४ को निर्वाचनमा कांग्रेस एमालेकै हाराहारीको शक्ति हो । ७५३ मध्ये एमालेले २९४ स्थानीय तह जित्दा कांग्रेसले २६६ स्थानीय तह जितेको थियो । अधिकांश स्थानमा कांग्रेस दोस्रो शक्ति हो । तर गठबन्धनमा रहेका नेकपा माओवादी केन्द्र भने निकै सानो आकारको तेस्रो शक्ति हो । जनता समाजवादी पार्टी मूलतः तराई/तराईका जिल्लामा प्रभाव पार्ने राजनीतिक शक्ति हो ।

एमालेबाट अलग भएर गएको २ भदौमा मात्रै बनेको नेकपा एकीकृत समाजवादीसँग जनप्रतिनिधि संख्या अत्यन्तै न्यून छ । एमालेबाट १० प्रतिशत जनप्रतिनिधि एकीकृत समाजवादीमा गएको अनुमान गरिएको छ । एमालेबाट गएको चुनावमा १४ हजार बढी जनप्रतिनिधि जितेका थिए । यसको अर्थ १४ सय जति जनप्रतिनिधि एकीकृत समाजवादीसँग छ । कांग्रेसबाट ११,४१४ जनप्रतिनिधि निर्वाचित भएका थिए । माओवादी केन्द्रबाट ५,४४२ जना प्रतिनिधि जितेका थिए ।

त्यसबेला पनि कांग्रेस र माओवादी केन्द्रबीच कयौं स्थानीय तहमा गठबन्धन बनेको थियो । तत्कालीन संघीय समाजवादी फोरमबाट १,४३९ जना प्रतिनिधि निर्वाचित भएका थिए । अवस्था हेरेर तालमेल गर्नुको अर्थ लगभग झण्डै दुई तिहाइ स्थान कांग्रेसलाई दिनुपर्ने हुन्छ । अझ एमालेले जितेको ठाउँमा पनि कांग्रेस दोस्रो शक्ति हो ।

# आकाशियो व्यापार घाटा

## ११ खर्ब ६० अर्ब ९९ करोड व्यापार घाटा

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २९ चैत ।

चालु आर्थिक वर्षको आठ महिनामा ११ खर्ब ६० अर्ब ९९ करोड रुपैयाँ बराबरको बैदेशिक व्यापार घाटा ब्यहोर्नु परेको छ । राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको आर्थिक तथा वित्तीय स्थिति सम्बन्धी प्रतिवेदनले ब्यापार घाटा बढेको उल्लेख छ ।

बैंकका अनुसार ३४ दशमलव पाँच प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको यो अवधिमा व्यापार घाटा १ दशमलव ६ प्रतिशतले बढेको थियो । निर्याततर्फ भने कञ्चनपुर, मेची, र नेपालगञ्ज भन्सार कार्यालय बाहेक नाकाबाट गरिएको निर्यात बृद्धि भएको छ । आयाततर्फ भने सम्पूर्ण प्रमुख नाकाबाट भएको आयातमा वृद्धि भएको छ ।

चालु आवको पछिल्लो आठ महिनामा भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी एक खर्ब ४७ अर्ब तीन करोड रुपैयाँ बराबरको वस्तु आयात भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात एक खर्ब २१ अर्ब ३६ करोड रुपैयाँ बराबरको सामान आयात भएको राष्ट्र बैंकले जानकारी दिएको छ ।

समीक्षा अवधिमा निर्यात आयात अनुपात ११ दशमलव ३ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ८ दशमलव ६ प्रतिशत रहेको राष्ट्र बैंकको भनाई छ । प्रतिवेदनअनुसार चालु आर्थिक बर्षको पछिल्लो ८ महिनामा कुल वस्तु निर्यात भने ८२ दशमलव ९ प्रतिशतले बृद्धि भई १ खर्ब ४७ अर्ब ७५ करोड रुपैंयाँ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ७ दशमलव ८ प्रतिशतले बृद्धि भएको थियो ।

वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः २८ दशमलव एक प्रतिशत, ३६ दशमलव सात प्रतिशत र ७५ दशमलव चार प्रतिशतले बढेको छ । वस्तुगत आधारमा पेट्रोलियम पदार्थ, औषधी, कच्चा तेल, कच्चा सोयाबिन तेल, सुन लगायत वस्तुको आयात बढे पनि

– बाँकी पृष्ठ २ मा



*काभ्रेको बनेपा नगरपालिका-२ घिमिरे गाउँका कसिान बजारमा बेच्न लैजानका लागि मूला पखालेर तयार पार्दै । तस्वीरः पेमा लामा*

> बैंकका अनुसार ३४ दशमलव पाँच प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको यो अवधिमा व्यापार घाटा १ दशमलव ६ प्रतिशतले बढेको थियो ।

### माओवादी केन्द्रको सर्कुलर

# हरेक जिल्लामा एक महिला प्रमुख अनिवार्य

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २९ चैत ।

सत्ता साझेदार दल नेकपा माओवादी केन्द्रले स्थानीय तहको प्रमुखमै महिला सहभागिता बढाउने निर्णय गरेको छ । माओवादी केन्द्रले सर्कुलर जारी गरेर महिलालाई उपप्रमुखमा सीमित नगर्न निर्देशन दिएको छ । हरेक जिल्लामा कम्तिमा एक जना महिलालाई प्रमुख पदमा टिकट दिन माओवादी केन्द्रले सर्कुलर जारी गरेको हो ।

'महिलाको कार्यकारी भूमिका निश्चित गर्न प्रत्येक जिल्लामा कम्तिमा एक पालिकाको प्रमुखमा टिकट दिन अध्यक्ष कमरेडबाट सर्कुलर गर्नुभएको छ', एक नेताले भने । पालिकाभित्र पनि कम्तिमा एक वडाध्यक्षको उम्मेद्वार महिला बनाउनुपर्नेछ ।

माओवादी केन्द्रले २०७४ को निर्वाचनमा १०६ जितेको थियो । उपप्रमुखमा १११ र १,१०२ वडाध्यक्ष जितेको छ । माओवादी केन्द्रले त्यसबेला महिलालाई अनिवार्य टिकट दिन माओवादी केन्द्रले सर्कुलर गरेको थिएन । तर त्यसबेला माओवादी केन्द्रले पनि महिलालाई उपप्रमुखमै सीमित गरेको थियो ।

संविधानले प्रत्येक वडामा एक महिला दलित सहित दुई महिला अनिवार्य

– बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगारको व्यवस्थापन संघीय सरकारलाई मात्र भएको मन्त्रीद्वारा जानकारी

# 'प्रदेश र पालिकाले कामदार पठाउन पाउँदैनन्'

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ चैत

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले वैदेशिक रोजगार व्यवस्थापनको कार्यक्षेत्र संघीय सरकारमा मात्र निहित रहेको नेपालस्थित कोरीयाली राजदूत पार्क चोङ-सुकलाई बताएका छन् । नेपालका विभिन्न स्थानीय तहले स्थानीय तह निर्वाचनको पूर्वसन्ध्यामा युवाहरूलाई मौसमी कामदारको रूपमा दक्षिण कोरिया पठाइदिने आश्वासन बाँडिरहेका बेला मन्त्री श्रेष्ठले राजदूत पार्कलाई उक्त जानकारी दिएका हुन् ।

सिंहदरबारस्थित मन्त्रालयमा मंगलबार मन्त्री श्रेष्ठलाई राजदूत पार्कले शिष्टचार भेट गरेका थिए । भेटमा मन्त्री श्रेष्ठले मौसमी कामदारको रुपमा रोजगारी दिन स्थानीय सरकारलाई जिम्मेवार बनाउन खोजिएको विषयमा नीतिगत स्पष्टता कायम गर्दै अघि बढ्न नेपाल सरकार तयार रहेको बताएको मन्त्री श्रेष्ठको निजी सचिवालयले उल्लेख गरेको छ । मन्त्री श्रेष्ठले नेपाल सरकारको नीति अनुसार मौसमी कामदारको रुपमा जाने व्यक्तिहरु 'इम्प्लोई पे पोलिसी' अवलम्वन हुने गरी दक्षिण कोरिया जाउन् भन्ने अपेक्षा गरिएको बताएका छन् ।

भेटमा मन्त्री श्रेष्ठले भाषा परीक्षा उत्तीर्ण र अन्य प्रक्रिया पूरा गरेका नेपाली कामदार रोजगारीका लागि छिटो लैजाने प्रवन्ध गर्न पनि पार्कसँग आग्रह गरेका छन् । त्यसैगरी रोजगार अनुमति प्रणाली सम्बन्धी द्विपक्षीय समझदारी नवीकरण तथा नेपाली कामदारको कोटा बढाउन पनि आग्रह गरिएको मन्त्री श्रेष्ठको निजी सचिवालयले जनाएको छ ।

सन् २००७ मा नेपाल र दक्षिण कोरिया सरकारबीच भएको रोजगार अनुमति प्रणाली सम्बन्धी द्विपक्षीय समझदारी पछिल्लो पटक सन् २०१८ मा नवीकरण भएको र तत्पश्चात २०२० देखि नवीकरणको प्रक्रियामा रहेको छ । सन् २०१८ मा ईपीएस अन्तर्गत भाषा परीक्षा पास गरेका दुई हजार जना नेपाली रोष्टरमा रहने म्याद सकिएकोले प्रक्रियामा सहभागी हुन नपाएको भन्दै मन्त्री श्रेष्ठले म्याद थप गरी प्रक्रियामा सहभागी गराउन आग्रह गरेका छन् । कोरियाली भाषा परीक्षा पास गरेका १० हजार नेपाली कोरिया जाने प्रक्रियामा रहेको पनि विविध कारणले उनीहरू जान पाएका

– बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## स्वायत्त तालिम प्रतिष्ठान बनाउने तयारी

**काठमाडौं/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले दीर्घकालीन रोजगारी सिर्जना तथा सीप विकासका लागि अधिकारसम्पन्न तालिम प्रतिष्ठान बनाउने तयारी अघि बढाएको छ । मुलुकमा लाखौं युवा बेरोजगार भएर बस्नुपर्ने विद्यमान अवस्था अन्त्यका लागि मन्त्रालयले सीप विकास गरी दीर्घकालीन रोजगारी सिर्जना गर्न अधिकारसम्पन्न स्वायत्त तालिम प्रतिष्ठानको अवधारणा अघि बढाएको हो ।

ठूलो संख्यामा श्रमबजार प्रवेश गर्ने श्रमशक्तिलाई सीपयुक्त बनाउने, एकीकृत तथ्यांक प्रणाली विकास गर्ने र स्वदेशी तथा विदेशी रोजगारदातासँग समन्वय गरी युवाहरूलाई रोजगारीमा आवद्ध गराउने मन्त्रालयको योजना छ । मन्त्रालयले यसअघिदेखि नै विभिन्न सरकारी निकायबाट विधागतरूपमा प्रदान गरिने तालिमको प्रभावकारिता

– बाँकी पृष्ठ २ मा


कर्मचारी आवश्यकता

यस मेनपावर कम्पनीका लागि निम्न कर्मचारी आवश्यक भएको हुँदा दक्ष तथा अनुभवी व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्र र बायो डाटाका साथ info@kathmanduhr.com मा apply गर्नुहोला ।

1. Admin Manager - 1
2. Accountant - 1
3. Document Controller - 2
4. Receptionist - 2

2 years experience in related field

तलव आपसी सहमतिमा हुनेछ ।

KATHMANDU H. R. SOLUTIONS Pvt. Ltd. Lic. No. 1410/074/075
Dhumbarahi-9 Budhanilkantha, Ktm Tel: 01-4371271, 4317714

UAE मा रोजगार अवसर

१. कम्पनी: METRO TAXI LLC
शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०७८/१२/१५ | चलानी नं.: ६०१७६९१६ | LT. No.: 260686 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Vehicle Driver | 100 | 0 | स. काममा दक्ष | 1600 | ५२,७६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: CARS TAXI SERVICES CO. LLC | शहर: DUBAI | पुन विज्ञापन

पूर्व स्वीकृत मितिः २०७८/०६/१५ | चलानी नं.: ६०१६४५४५ | LT. No.: 247397

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Taxi Driver | 100 | 0 | स. काममा दक्ष | 1600 | ५२,७६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी: FEDERAL SECURITY SERVICES LLC | शहर: DUBAI | पुन विज्ञापन

पूर्व स्वीकृत मितिः २०७८/०७/१७ | चलानी नं.: ६०१६६८४३ | LT. No.: 249767

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 100 | 20 | स. काममा दक्ष | 1600 | ५२,७६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा वैशाख ७, १० र ११ गते (20, 23 & 24 April 2022), खुकुरी होटल इटहरीमा वैशाख ८, ९ र १० गते (21, 22 & 23 April 2022), सिपि होटल बिर्तामोडमा वैशाख ८, ९ र १० गते (21, 22 & 23 April 2022), जनप्रिय थकाली भान्सा घर पोखरामा वैशाख ७ र ८ गते (20 & 21 April 2022), कर्मा होटल एण्ड रेष्टुरेन्ट चितवनमामा वैशाख ८ र ९ गते (22 & 23 April 2022) र बुटवल होटल रूपन्देहीमा वैशाख ८ गते (22 April 2022) मा हुनेछ ।

(ट्याक्सी ड्राइभरहरूले UAE License पाएपछि कमिसन सहित महिनाको 3000 AED देखि 5000 AED कमाउने)

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

RGC RAJ GROUP OF COMPANIES License No.:1245/074/075

Raj Group Of Company Pvt. Ltd.
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660,
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com
Pokhara: 9802855076, Itahari: 9802023813, Chitwan: 9809143331, Butwal : 9857029296, Birtamode : 9857029296

मध्यान्ह
www.madhyanhadaily.com
३० चैत २०७८, बुधबार
13 April 2022, Wednesday

स्थानीय तह निर्वाचन

# कृष्णनगरमा एमालेबाट ४ जना मेयर र २ जना उपमेयरको नाम सिफारिश



अजय मिश्र/मध्यान्ह
कृष्णनगर, २९ चैत

आगामी वैशाख ३० गते हुने स्थानीय चुनावका लागि नेकपा एमालेबाट कृष्णनगर नगरपालिका मेयरको उम्मेद्वारका लागि ४ जना र उपमेयर पदको लागि २ जनाको नाम सिफारिस गरिएको छ ।

मंगलबार बसेको नगर कमिटीको बैठकले आकांक्षी सबैजनाको नाम जिल्ला कमिटीमा पठाइएको एमाले कृष्णनगर अध्यक्ष संदिप कुमार मौर्यले जानकारी दिए । कृष्णनगर मेयर पदका लागि आकांक्षी मिर्जा राशिद बेग, कुनाल प्रताप शाह, शिव प्रसाद जयसवाल, अन्नु श्रीवास्तवको नाम सिफारिस गरेको अध्यक्ष मौर्यले जानकारी दिए ।

मेयर पदका आकांक्षी मिर्जा राशिद बेग राष्ट्रिय युवा संघ नेपाल कृष्णनगरका अध्यक्ष तथा नेकपा एमाले कृष्णनगर नगर कमिटी सचिवालय सदस्य हुन् भने अर्का आकांक्षी कुनाल प्रताप शाह हालै नेकपा एमालेमा राष्ट्रिय अध्यक्ष केपी शर्मा ओलीले प्रवेश गराएका थिए ।

त्यस्तै शिव प्रसाद जयसवाल नेकपा एमाले कृष्णनगरका नगर इन्चार्ज तथा नेकपा एमाले कपिलवस्तु जिल्ला सदस्य हुन् । अन्नु श्रीवास्तव नेकपा एमाले सदस्य हुन् । त्यस्तै उपमेयर पदको लागि विमिलेश मौर्य र सहरून निशाको नाम सिफारिस गरेको छ । त्यस्तै उपमेयर पदको लागि विमिलेश मौर्य नेकपा एमाले वडा कमिटी सदस्य हुन् भने सहरून निशा नेकपा एमालेका कृष्णनगर नगर कमिटी सदस्य हुन् ।

# जोखिम मोल्दै विद्यालय जानुपर्ने बाध्यता



दिपक साउद/मध्यान्ह
बैतडी, २९ चैत

बैतडीको डिलासैनी गाउँपालिका-१ स्थित रामलाका विद्यार्थीलाई जोखिम मोल्दै विद्यालय जानुपर्ने बाध्यता बढेको छ । रामला गाउँ नजिक माध्यमिक विद्यालय नहुँदा विद्यार्थीहरूलाई जोखिम मोलेर डिलाशैनी गाउँपालिकास्थित सरस्वती माध्यमिक विद्यालय पुग्नुपर्ने बाध्यता भएको हो ।

भिडाखोला रमिलगाडमा हिउँदको समयमासमेत पानीको सतह बढी हुने भएकाले विद्यार्थीलाई जोखिम मोलेर खोला तर्नुपर्ने बाध्यता रहेको स्थानीयले बताएका छन् ।

वर्षायाममा जोखिम मोलेर रमिलगाड खोला तर्नुपरेको कक्षा ८ अध्ययनरत बिनोद भट्टले बताए । 'गाउँमा मावि छैन,' उनले भने, 'कि पढाइ छोड्नुपर्‍यो, नत्र जोखिम मोलेर विद्यालय जानुको विकल्प छैन ।' उक्त खोला तर्न नसक्नेहरू वर्षातको समयमा झण्डै ३ महिना पठनपाठनबाटसमेत बञ्चित हुनुपरेको उनको भनाइ छ ।

'खोला र भिरको बाटो विद्यालय जान करिब २ घण्टा लाग्छ, बाटो पनि भत्किएको छ, स्थानीयहरुले बनाएको काठे पुल बाढीले बगाएको ८ महिना भयो, अहिलेसम्म कसैले यसमा ध्यान दिएको छैन' कक्षा १० मा अध्ययन्नरत अर्का बिद्यार्थी सुरेस भट्टले गुनासो गरे । उनले थपे 'गाउँगाउँमा सिहदरबार आयो भन्छन तर हाम्रो समस्या यथावत् छन्' ।

नानरा-बसन्तपुर जोड्ने झोलुंगे पुल भएपनि एक घण्टा घुमाउरो पर्ने भएकाले बालबालिकाहरू जोखिम मोलेरै नदी तर्न बाध्य छन् । 'पुल तरेर जाँदा विद्यालय पुग्न कम्तिमा ३ घण्टा लाग्छ,' उनले भने, 'नदी तर्दा २ घण्टामै पुगिन्छ, त्यसैले जोखिम मोल्न बाध्य छौं एक्लै नदी तर्न समस्या हुने भएकाले समूहमा मिलेर विद्यालय जाने गरेको कक्षा ६ मा अध्ययनरत मानमती भट्टले बताइन् ।

वर्षायाममा विद्यालय जाने बाटो भरी जुका लाग्ने समस्या छ । गर्मी समयमा थकान मार्नको लागि शितलमा बसेका बेला भोकभोकै उतै सुत्ने गरेको र रातमा घरबाट आएर खोजेर लग्ने गरेको उनले भनिन्, 'नदी तर्दा ढुंगाले चोट लाग्ने, बग्नेलगायतका समस्या भोग्दै आएका छौं ।' नदी तर्दा कपडा र किताब भिज्ने समस्या हुने गरेको उनले बताइन् ।

विद्यार्थीले विद्यालय जाँदा भोग्नु परेको समस्या मात्रै होइन यता अभिभावकहरु पनि त्रासमा बस्ने गरेका छन् । छोराछोरी खोला र भिरलाई छिचोल्दै विद्यालय जाने गर्दा आफूहरु सँधै चिन्तामा बस्ने गरेको उनीहरु बताउछन् । 'वर्षायाममा विद्यालय गएका बालबालिका बेलुका घर फर्कन्छन्-फर्कन्नन् भन्ने चिन्ता हुन्छ,' अभिभावकहरुको गुनासो छ । खोला तर्न समस्या हुँदा कहिलेकाही बालबालिकाको पढाई छुट्ने गरेको छ । हिउँदमा खासै समस्या नभए पनि वर्षायाममा जोखिमै जोखिम रहेको उनीहरुको गुनासो छ ।

# विमानस्थल चुस्तदुरुस्त बनाउन पर्यटनमन्त्रीको निर्देशन

काठमाडौं/मस-संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले नेपालका विमानस्थललाई थप विकसित बनाई चुस्तदुरुस्त अवस्थामा राख्न निर्देशन दिएका छन् ।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) को बोर्ड सदस्यमा नियुक्त भएका दुई सदस्यलाई मंगलबार बोर्ड बैठकमा स्वागत गर्दै उनले विमानस्थललाई थप सुरक्षित तथा चुस्तदुरुस्त अवस्थामा राख्न निर्देशन दिएका हुन् ।

नयाँ नियुक्त भएका सदस्यमा पूर्वमहानिर्देशक त्रिरत्न मानन्धर तथा रोशना चित्रकार छन् । प्राधिकरणको बोर्ड सञ्चालक समितिका अध्यक्षसमेत रहनुभएका मन्त्री आलेले नवनियुक्त सदस्यसहित सबै पदाधिकारीलाई नागरिक उड्डयन प्राधिकरणको हितका लागि काम गर्न निर्देशन दिए ।

केही हप्ता पहिले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सुरक्षा घेराको तारबारबाट एक जना नागरिकभित्र छिरी जहाजभित्र पसेको उल्लेख गर्दै उनले सुरक्षा व्यवस्थालाई थप कडाइ गर्नुपर्नेमा जोड दिए । उनले भने, 'विमानस्थल भनेको अतिसंवेदनशील क्षेत्र हो, गैरव्यक्ति छिर्न नदिन सुरक्षा व्यवस्था बलियो र मजबुद बनाउनु होला ।'

मन्त्री आलेले पछिल्लो समय नेपालका विभिन्न विमानस्थलमा जङ्गली जनवार बँदेल, स्याल छिर्ने तथा जहाज सञ्चालनमा समस्या हुने गरेको भन्ने सुनिएकाले विमानस्थलका पेरिमिटरमा नियमित गस्ती गर्न थप टोली परिचालन गर्नसमेत आग्रह गरे ।

कृष्णकुमार श्रेष्ठ (किसान)ले ललितपुरको भैंसेपाटीस्थित व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठानलाई पुन:संरचना गरी अधिकारसम्पन्न संस्थाकारूपमा विकास गरिने जानकारी दिए । प्रतिष्ठानमा आयोजित कार्यक्रममा उनले एक दर्जन बढी सरकारी निकायले उस्तै प्रकारको तालिम कार्यक्रम सञ्चालन गरे पनि परिणाममुखी नभएकाले गुणस्तरीय र अन्तर्राष्ट्रिय मापदण्डको तालिम प्रदान गर्न नीतिगत तथा कानुनी व्यवस्थाका लागि तयारी अघि बढाइएको बताए ।

मन्त्रालयका सचिव एकनारायण अर्याललले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा माग भएअनुसार सीपयुक्त जनशक्ति उत्पादनका लागि प्रतिष्ठानलाई अधिकारसम्पन्न बनाइनुपर्ने धारणा राखे । प्रतिष्ठानलाई गुणस्तरीय, विश्वसनीय र प्रतिस्पर्धी बनाउन नीतिगत, कानुनी तथा संरचनागत सुधार आवश्यक रहेको उनको भनाइ छ ।

प्रतिष्ठानका कार्यकारी निर्देशक प्रेमलाल लामिछानेले आफ्नै प्रत्यक्ष व्यवस्थापन तथा तालिम प्रदायक संस्थामार्फत आधारभूत तालिम, उद्यमशिलता विकास तालिम, प्रशिक्षक प्रशिक्षण गरी तीन लाख १० हजार बढीलाई तालिम प्रदान गरिएको बताए । तालिम सञ्चालनको छुट्टै नीति तथा कानुनको अभावले सीप विकास तालिम व्यवस्थित हुन नसकेको उनको भनाइ छ ।

प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप तालिम कार्यक्रम अहिले विभिन्न मन्त्रालय, विभाग तथा अन्य सरकारी तथा गैरसरकारी निकायले सञ्चालन गरे पनि लगानीअनुसार प्रतिफल भने प्राप्त गर्न सकेको देखिँदैन । सीप विकास तालिम कार्यक्रमलाई गुणस्तरीय तथा प्रतिस्पर्धी बनाउन यसलाई व्यवस्थित गर्नुपर्ने सरोकारवालाको भनाइ छ ।

## आकाशियो...

एम.एस.विलेट, सिमेन्ट, रासायनि कमल, दाल, मोलासिस सुगर लगायत वस्तुको आयातभने घटेको देखिएको छ ।

गन्तव्यका आधारमा भारत तथा अन्य मुलुकतर्फ भएको निर्यात क्रमश: एक सय चार दशमलव २ प्रतिशत र २९ दशमलव १ प्रतिशतले वृद्धि भएपनि चीनतर्फ निर्यात भने ११ प्रतिशतले घटेको छ । वस्तुगत आधारमापाम तेल, सोयाविन तेल, पिना, धागो (पोलिष्टर तथा अन्य), ऊनी गलैंचा लगायत वस्तुको निर्यात बढ्दा अलैंची, चिया जडीबुटी, तार, तामाको तार लगायतका वस्तुको निर्यात घटेको प्रतिवेदनमा उल्लेख छ ।

त्यसैगरी कुल वस्तु आयातभने चालु आवको पछिल्लो आठ महिनामा ३८ दशमलव छ प्रतिशतले वृद्धि भई १३ खर्ब आठ अर्ब ७३ करोड रुपैंयाँ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात दुई दशमलव एक प्रतिशतले बढेको थियो । तर, अर्थमन्त्री जनार्दन शर्माले भने मुलुकको ऋणभार दक्षिण एसियाकै कम देखिएको हुँदा अर्थतन्त्र ठीकठाक भएको दाबी गरेका छन् । 'हालसम्मको देशको कूल ऋण १८ खर्ब ५४ अर्ब भएपनि यो ऋण कूल गार्हस्थ्य उत्पादनको तुलनामा सार्वजनिक ऋणको अंश ४३.४ प्रतिशत मात्रै भएको उल्लेख छ । यो ऋणको दर दक्षिण एसिया र समान आर्थिक अवस्था भएको मुलुकको दाँजोमा न्यून नै रहेको छ' अर्थमन्त्री शर्माले भने । श्रीलंकाले सार्वजनिक ऋणको भार बढी बोकेकाले अर्थतन्त्र समस्यामा परेपनि नेपालको अर्थतन्त्रमा भने क्रमिकसुधार हुने मन्त्री शर्माको दावी छ ।

## माओवादी...

उम्मेद्वार बनाउनुपर्ने र स्थानीय तहको पदाधिकारी मध्ये एक जना उम्मेद्वार अनिवार्य गरेको छ । तर दलहरुले भने दुई मध्ये पदाधिकारी स्थानीय तहमा महिला अनिवार्य गरेपछि महिलालाई उपप्रमुखमा सीमित गरेको थियो ।

माओवादी केन्द्रले पार्टी कमिटीमा पनि महिलालाई ३५ प्रतिशत अनिवार्य गर्ने निर्णय गरेको छ । पार्टी कमिटी पछि माओवादी केन्द्रले स्थानीय सरकारमा पनि महिला सहभागिता सुनिश्चित गर्ने तयारी गरेको छ । तर गठबन्धन हुँदा महिलाकै टिकट खोसिने सम्भावना बढी छ । यसअघि पनि गठबन्धन हुँदा स्थानीय तहको प्रमुख र उपप्रमुख नै पुरुष उम्मेद्वार हुने गरेको थियो । यसपटक माओवादी केन्द्र गठबन्धनमा भएकाले फेरि पनि त्यो खतरा बढी छ ।

## वैदेशिक...

छैनन् । मन्त्री श्रेष्ठको निजी सचिवालयका अनुसार राजदूत पार्कले ईपीएस सम्बन्धी सम्झौतापत्र चाँडो नवीकरण गर्न आवश्यक तयारी गर्ने बताए । ईपीएस प्रणालीअन्तर्गत १६ देशका विदेशीहरु रोजगारीका लागि कोरियाली भाषा परीक्षा दिई कोरियामा श्रम गर्दछन् । दक्षिण कोरियाले सन् २००८ देखि कोटा छुट्याएर नेपाली कामदार लैजाँदै आएको छ ।

राजदूत पार्कले ईपीएस अन्तर्गत नेपाली कामदारको संख्या बढाउन दक्षिण कोरिया सरकार सकारात्मक रहेको बताएको पनि मन्त्री श्रेष्ठको निजी सचिवालयले जनाएको छ । रोजगार अनुमति प्रणाली (ईपीएस) अन्तर्गत दक्षिण कोरिया रोजगारीमा जानेहरुका लागि भाषा परीक्षा आगामी मे ३० बाट शुरु गर्ने मन्त्रालयको तयारी छ ।

रोजगार अनुमति प्रणाली अन्तर्गत नेपाली नागरिक ठुलो संख्यामा दक्षिण कोरिया जाने गरेकोले नेपाली ध्वजावाहक नेपाल वायु सेवा निगमलाई पनि कोरियामा सूचीकृत गर्न, कोभिड महामारीका कारण सिधा उडान मात्र हुने गरेकोले ट्रान्जिट हुँदै समेत जाने व्यवस्था गर्न पनि मन्त्री श्रेष्ठले आग्रह गरेका छन् । सिधा उडान भएमा हवाई भाडा सस्तो पर्ने मन्त्री श्रेष्ठको भनाइ छ । नेपाल वायु सेवा निगमले पनि काठमाडौं-कोरिया उडानको प्रयत्न गरिरहेको मन्त्री श्रेष्ठले राजदूत पार्कलाई जानकारी दिए ।

दक्षिण कोरिया सरकारको सहयोगमा बुटवलमा संचालित सीप तालिम केन्द्रबाट धेरै नेपाली युवाहरु लाभान्वित भएको बताउँदै मन्त्री श्रेष्ठले अन्य प्रदेशमा पनि सीप विकास तालिम संचालन गर्ने मन्त्रालयको योजनामा सहयोग गर्न आग्रह गरे ।

रोजगार अनुमति प्रणाली अन्तर्गत कोरिया गई फर्केर आउने नेपाली नागरिकलाई पुन:एकीकरणका लागि सहयोग गर्ने दक्षिण कोरिया सरकारको प्रस्तावका लागि मन्त्री श्रेष्ठले धन्यवाद दिए । पुन:एकीकरणका लागि दक्षिण कोरिया सरकारले ८० लाख डलर सहयोगको प्रस्ताव गरेको छ ।

दक्षिण कोरियामा ६५ हजारभन्दा बढी नेपाली ईपीएसअन्तर्गत प्रत्यक्ष रोजगारी गरिरहेका छन् । नेपालीहरु मेहनती र इमान्दार भएकाले कोरियाका रोजगारदाताको रोजाइमा पर्दै आएको राजदूत पार्कले बताए ।

## स्वायत्त....

नदेखिएको भन्दै प्रतिष्ठान बनाएर सबै प्रकारका तालिम एकै संस्थाबाट प्रदान गर्नुपर्ने विषय उठाउँदै आएको थियो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री


**बीमालेख हराएको सूचना**

यस कम्पनीबाट जारी भएको तपशिल बमोजिमको बीमालेख काठमाडौं देखि सिन्धुली जाँदा हराएको हुनाले भेट्नु हुने महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछौं ।

**नाम** : ज्योमो माया भोलान
**ठेगाना** : घ्याङलेख गा.पा.-३, सिन्धुली
**बीमाअभिलेख नम्बर** : ११७०१०७०१
**सम्पर्क नम्बर**: ९८६४६६७४७१

नेपाल लाईफ इन्स्योन्स कम्पनी लिमिटेड
काठमाडौं

**बीमालेख हराएको सूचना**

यस कम्पनीबाट जारी भएको तपशिल बमोजिमको बीमालेख बौद्ध देखि चाबहिल जाँदा हराएको हुनाले भेट्नु हुने महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछौं ।

**नाम** : Palmu Tamang
**ठेगाना** : सि. पा. ३, बाफल
**बीमाअभिलेख नम्बर** : ३२६००००००१८१
**सम्पर्क नम्बर**: ९८६७४३७६७०

रिलायन्स लाईफ इन्स्योन्स लिमिटेड
काठमाडौं

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७२/१०/२८ मा दर्ता भएको **प्रा.लि. नं. १४५०७३** को **म्यानेजमेन्ट इन्फरमेशन सेयरिंग सेटर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/१२/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति: २०७८/१२/३०**

**प्यागोडाज होम प्रा.लि.** को मिति २०७८/११/०८ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नेचर हब्स विजनेस स्कुल प्रा.लि. (प्रा. लि. नं.: १३७३६६)**, कायम गर्ने गरी मिति २०७८/१२/१० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति: २०७८/१२/३०**

**हिमालयन गाईडिङ्ग इन्स्टिच्युट प्रा.लि.** को मिति २०७८/०८/१० गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एच.जी.आई. नेपाल ट्रेकिङ्ग (प्रा. लि. नं.: १८६२७)**, कायम गर्ने गरी मिति २०७८/०९/१२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कुवेतमा रोजगारको अवसर**

१. कम्पनी: AL EZZ INTERNATIONAL CO. FOR CITIES SERVICES
शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०७८/१२/२८ | चलानी नं.: ६०१७७८६६ | LT. No.: 261482

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | | KD | ने. रु. | | | | | | | |
| 1. | Male Bike Driver | 25 | 0 | स. काममा दक्ष | 150 | ५९,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: FAST CONNECT DOF THE DELIVERY OF CONSUMER ORDERS
शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०७८/१२/२८ | चलानी नं.: ६०१७७८६७ | LT. No.: 261481

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | | KD | ने. रु. | | | | | | | |
| 1. | Male Bike Driver | 25 | 0 | स. काममा दक्ष | 150 | ५९,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ वैशाख ७ गते (20 April 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**निलकमल ह्युमन रिसोर्स प्रा. लि.**
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोन: ४११२७१३, ४११२७१४, मो.: 9818394474, 9802099411
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com
Gov. lic. No. 793/065/66

**पथरी शनिश्चरे नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
पथरी, मोरङ्ग
१ नं. प्रदेश, नेपाल

**दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति: २०७८।१२।३०**

प्रस्तुत विषयमा यस नगर कार्यपालिकाको कार्यालयबाट मिति २०७८।११।०९ गते मध्यान्ह दैनिक पत्रिकामा प्रकाशित दरभाउपत्र आह्वानको सूचना बमोजिम उल्लेखित म्यादभित्र पेश भएका दरभाउपत्र प्रस्तावहरुको मूल्याङ्कन हुँदा देहाय बमोजिमको दरभाउपत्र प्रस्ताव सारभूतरुपमा प्रभावग्राही ठहरी स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | ठेक्का नं | कामको विवरण | छनौट भएको दरभाउपत्रदाता | कवोल अङ्क रु. (भ्याट सहित) |
|---|---|---|---|---|
| १. | NP-DOCR-184870-NC-REQ | ब्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्न्धी दर्ता शिविर संचालन | पकली टेक्नोलोजी इन्स्टिच्युट प्रा लि | रु.७,२८,८५०।- |

प्रमुख प्रशासकीय अधिकृत

**कनकाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
जामुनबारी, झापा

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति :- २०७८/१२/३०**

यस कार्यालयबाट मिति २०७८/११/२४ गतेका दिन प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरुको मुल्याङ्कन गर्दा तपशिल बमोजिमको बोलपत्र न्युनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई मुल्याङ्कन समितिबाट स्वीकृतिका लागि सिफारिस भई आएबमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ अनुसार सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.नं. | ठेक्का नं | योजनाको नाम | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मुअक सहित) |
|---|---|---|---|---|
| 1 | Kanakai/NCB/ Works/14/078-79 | Koch Rajbanshi Sangrahalaya Nirman Nirantarta | Siddhidatri Engineering and Construction Pvt Ltd, Arjundhara- 7, Jhapa | 31,12,481.43 |
| 2 | Kanakai/NCB/ Works/15/078-79 | Bipanna Bargaka lagi Mayor Aawas Karyakram | Nasip Nirman Sewa, Ilam- 4, Ilam | 27,23,309.79 |

प्रमुख प्रशासकीय अधिकृत

# शिक्षामन्त्री पौडेल र क्यानडाका राजदूत म्याकेबीच भेटवार्ता



**काठमाडौं/मस–** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेल र क्यानाडाका नवनियुक्त राजदूत क्यामरुन डिन म्याकेसँग मंगलबार मन्त्रालयमा शिष्टाचार भेटवार्ता भएको छ ।

नेपालका शैक्षिक विकासका लागि दुबै जनाबीच भेटवार्ता भएको हो । सो अवसरमा मन्त्री पौडेलले सन् १९६५ देखि कायम भएको दुई देशबीचको सम्बन्धलाई थप उचाइ दिँदै शैक्षिक क्षेत्रमा सहयोग गर्न क्यानडा सरकारलाई आग्रह गरे ।

उनले उच्च तथा प्राविधिक शिक्षाको क्षेत्रमा नेपालका विद्यार्थीलाई छात्रवृत्ति कार्यक्रमको कोटा वृद्धि गरी आवश्यक जनशक्ति व्यवस्थापनमा सहयोग पुर्‍याउन आग्रह गरे ।

'बर्सेनि दुईदेखि तीन हजार विद्यार्थी क्यानडामा उच्च शिक्षा तथा प्राविधिक शिक्षाका लागि जाने गरेका छन्' उनले भने, 'विद्यार्थीलाई छात्रवृत्ति कार्यक्रमका कोटा वृद्धि भएमा विद्यार्थी र कर्मचारीले शैक्षिक लाभ लिई नेपालका लागि आवश्यक पर्ने उच्च दक्षता भएको जनशक्ति व्यवस्थापनमा सहयोग पुग्नेछ ।'

मन्त्री पौडेलले नेपालले विद्यालय शिक्षा क्षेत्रमा रुपान्तरणकारी विकास गर्न १० वर्षे योजना तर्जुमा गरेको बताउँदै यसको सफल कार्यान्वयनमा क्यानडा सरकारबाट सहयोगको अपेक्षा गरे । राजदूत म्याकेले उच्च र प्राविधिक शिक्षा क्यानडाको पहिलो प्राथमिकतामा रहेको भन्दै नेपालमा पनि शैक्षिक विकासमा सहयोग गर्ने आश्वासन दिए ।

# राष्ट्रियसभाका मनोनीत सदस्य दाहालद्वारा शपथ

**काठमाडौं/मस–** राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले राष्ट्रियसभा सदस्यमा मनोनीत नारायणप्रसाद दाहाललाई पद तथा गोपनीयताको शपथ गराएका छन् ।

राष्ट्रियसभाको दिगो विकास तथा सुशासन समितिको बैठक कक्षमा आयोजित कार्यक्रममा अध्यक्ष तिमिल्सिनाले सदस्य दाहाललाई शपथ गराएका हुन् ।

शपथपछि अध्यक्ष तिमिल्सिनाले सदस्य दाहाललाई संघीय संसद्को लोगो प्रदान गरेका थिए । अध्यक्ष तिमिल्सिनाले सदस्य दाहाललाई राष्ट्रियसभाको गरिमा उँचो राख्दै काम गर्न शुभकामना दिए । शपथ ग्रहण कार्यक्रममा संघीय संसद् सचिवालयका महासचिव डा.भरतराज गौतम लगायतको उपस्थिति थियो ।



राष्ट्रपति विद्यादेवी भण्डारीले यही चैत २५ गते दाहाललाई मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रियसभा सदस्य मनोनीत गरेकी हुन् ।

सरकारले नेपालको संविधानको धारा, ८६ को उपधारा, (२) को खण्ड (ख) बमोजिम उनलाई राष्ट्रियसभा सदस्यमा मनोनीत गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरेको थियो ।

# गर्ज्याङ-नयाँ खिम्ती प्रसारण लाइन निर्माणमा अवरोधै अवरोध



**काठमाडौं/मस–** खिम्ती र लिखू नदी जलाधार क्षेत्रका जलविद्युत आयोजनाबाट उत्पादित विद्युत प्रवाहका लागि निर्माणाधीन गर्ज्याङ-नयाँ खिम्ती १३२ किलोभोल्ट (केभी) डबल सर्किट प्रसारण लाइन आयोजनाको काममा अवरोधै अवरोध छ ।

प्रसारण लाइनको मार्गाधिकारमा पर्ने जग्गाधनीले शतप्रतिशत मुआब्जाको माग गर्दै निर्माणमा रामेछापको गोकुलगंगा गाउँपालिकास्थित ठोसे, धारापानी, बेताली, नाममाडी र दोलखाको तामाकोसी गाउँपालिकाको सहरे क्षेत्रमा निर्माणमा अवरोध गरेका छन् ।

केही स्थानमा मार्गाधिकारमै नपर्ने जग्गा तथा घरधनीले मुआब्जा तथा क्षतिपूर्तिको माग गर्दै प्रसारण लाइनको तार तान्न दिएका छैनन् । कानुनी व्यवस्था अनुसार प्रसारण लाइनको मार्गाधिकारमा पर्ने जग्गाको मूल्याङ्कित रकमको २० प्रतिशत क्षतिपूर्ति निर्धारण गरिएको छ ।

रामेछापको गोकुलगंगा गाउँपालिकाको गर्ज्याङबाट शुरु भई दोलखाको तामाकोसी गाउँपालिका हुँदै रामेछापकै मन्थली नगरपालिका-१३ स्थित साँखे (फुलासी)स्थित नयाँ खिम्ती सबस्टेसनमा टुंगिने प्रसारण लाइनको लम्बाइ ३२ किलोमिटर छ। प्रसारण लाइनमा पर्ने १०५ वटा टावरमध्ये सबैको जग हालिएको छ ।

१०१ वटा टावर खडा गरिएको छ भने २० किलोमिटर तार टाँगिएको छ । गर्ज्याङमा १३२/३३/११ केभी सबस्टेसन निर्माण अन्तिम चरणमा पुगेको छ । प्रसारण लाइन तथा सबस्टेसनका अधिकांश उपकरणहरु निर्माणस्थलमा ल्याइसकिएको छ ।

पूर्वाधार तयार नहुँदा हिमालय ऊर्जा विकास कम्पनीले निर्माण गरेको १२ मेगावाट जडित क्षमताको उपल्लो खिम्ती र ७ मेगावाटको उपल्लो खिम्ती दोस्रो जलविद्युत आयोजनाको विद्युत प्रसारण लाइनमा जोड्न सकिएको छैन ।

आयोजना व्यवस्थापनले निरन्तर पहल र प्रयास गरेतापनि अवरोध हट्न नसक्दा प्रसारण लाइनको निर्माण सम्पन्न हुन नसकेको हो । प्रसारण लाइन अभावमा विद्युत खेर जाने अवस्था आएपछि निर्माणमा भइरहेको अवरोध खुलाउन नेपाल विद्युत प्राधिकरणको उच्च व्यवस्थापनले पहल सुरु गरेको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, प्रसारण निर्देशनालयका उपकार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठलगायतको टोलीले आयोजना निर्माणस्थलको निरीक्षण भ्रमण गरी अवरोध हटाउन प्रमुख जिल्ला अधिकारी, गाउँपालिका अध्यक्ष र वडाध्यक्षहरुसँग छलफल गरेको छ।

कार्यकारी निर्देशक घिसिङले प्रसारण लाइन अभावमा विद्युत जोड्न नसक्नु पीडादायी रहेको बताउँदै आगामी असारभित्रमा जसरी पनि आयोजनाको काम सक्नु पर्ने बताए ।

'प्रसारण लाइन अभावमा १९ मेगावाट विद्युत जोड्न सकिएको छैन, यसबाट आयोजनाका लगानीकर्तालाई मात्र नभएर देशलाई नै घाटा भइरहेको छ, कानुनी व्यवस्था अनुसार मुआब्जा तथा क्षतिपूर्तिका विषयमा अधिकतम लचक बन्न तयार छौं, स्थानीयसँग सहमति कायम गरी अवरोध हटाएर प्रसारण लाइन निर्माणमा सबैले सहयोग गरिदिनुपर्‍यो ।'

आयोजनाको ठेकेदार पिङगाओ ग्रुप कम्पनी, चीनले निर्माणमा ढिलाइ गर्ने देखिएपछि हिमालय ऊर्जा विकास कम्पनीका प्रवर्द्धकहरु सम्बद्ध फ्रेण्डसीप इन्जिनियरिङले सब कन्ट्र्याकमा काम लिएको थियो। तर, कोभिड-१९को महामारी, समयमा निर्माण उपकरणहरु आयोजनास्थलमा ल्याउन समस्या र स्थानीयको अवरोधका कारण आयोजनाको निर्माण प्रभावित भएको हो ।

अनुमानित लागत २ करोड अमेरिकी डलर रहेको आयोजना नेपाल सरकारको लगानीमा निर्माण भएको हो । आयोजनाको निर्माण आगामी असारभित्रमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

**वैकल्पिक व्यवस्थामार्फत विद्युत जोडिँदै**

स्थानीयको अवरोधका कारण गर्ज्याङ-नयाँ खिम्ती १३२ डबल सर्किट प्रसारण लाइन निर्माणमा केही ढिला हुने देखिएपछि उपल्लो खिम्ती रउपल्लो खिम्ती दोस्रो जलविद्युत आयोजनाबाट उत्पादित विद्युत वैकल्पिक व्यवस्था गरी जोडिने भएको छ । गर्ज्याङ सबस्टेसनबाट ३३ केभी प्रसारण लाइनमार्फत जिरी सबस्टेसनमा जोडिने छ ।

जिरी सबस्टेसनबाट चरिकोटस्थित मकैबारी सबस्टेसनहुँदै सिंगटी सबस्टेसनमार्फत विद्युत राष्ट्रिय प्रणालीमा प्रवाह हुने छ । प्राधिकरणले यसका लागि सिंगटी सबस्टेसनमा १३२/३३ केभी, ३० एमभिए क्षमताको छुट्टै पावर ट्रान्सफर्मर जोडी चार्ज गरिसकेको छ ।

गर्ज्याङ सबस्टेसनमा रहेको १३२/३३ केभी, ३० एमभिएको पावर ट्रान्सफर्मरलाई १० दिनभित्रमा चार्ज गर्ने लक्ष्य राखिएको छ ।

'वैकल्पिक व्यवस्था अनुसार आयोजनाबाट अहिले उत्पादित करिब १० मेगावाट विद्युत प्रवाह गर्न सकिन्छ, वर्खा लागेपछि मात्रै आयोजनाहरु पूर्ण क्षमतामा चल्ने भएकोले त्यतिवेलासम्म गर्ज्याङ-नयाँ खिम्ती प्रसारण लाइनको निर्माण सम्पन्न गर्ने गरी काम भइरहेको छ', कार्यकारी निर्देशक घिसिङले भने ।


## भैरवी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
**भैरीकालिकाथुम, दैलेख**
**कर्णाली प्रदेश नेपाल**

### बोलपत्र आव्हान सम्बन्धी सूचना

**पहिलो पटक प्रकाशित मितिः- २०७८/१२/३०**

यस भैरवी गाउँपालिका, भैरिकालिकाथुम-४, दैलेखले तपसिल बमोजिमका कामहरु बोलपत्रको माध्यमबाट आगामी २०७९ आषाढ मसान्त भित्र निर्माण गराउनु पर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यावसायीहरुबाट देहायको शर्तहरुको अधिनमा रही तोकिएको समय भित्र रितपूर्वकको विद्युतिय माध्यमबाट बोलपत्र आह्वान गरिएको छ ।

१. वोलपत्र प्रकाशित मितिले ३० औं दिनभित्र कार्यालय समयमा विद्युतिय संचारको माध्यमबाट बोलपत्र पेश गर्न चाहने निर्माण व्यवयायीहरुले सार्वजनिक खरिद अनुगमन कार्यालयको Double portal (www.ppmo.gov.np) मा गई थप जानकारी प्राप्त गर्न, बोलपत्र Download गर्न र बोलपत्र दाखिला गर्न सकिने छ ।
२. विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्ने निर्माण व्यवसायीहरुलाई सहजीकरणका लागि पूर्वाधार विकास तथा वातावरण संरक्षण शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ। वेभ साइटबाट सिधै डाउनलोड गर्ने कम्पनी वा निर्माण व्यवसायी वा निर्माताका अधिकृत विक्रेताले बोलपत्र साथ तल तोकिएको बोलपत्र दस्तुर वापतको रकम यस गाउँपालिकाको सिभिल बैंक सिलंगी शाखामा रहेको खाता नं. ०६६१०१८२९०६०९८ मा र धरौटी वापतको रकम खाता नं. ०६६१०१८२९०६०४७ मा जम्मा गरेको भौचरको Scan copy समेत पेश गर्नुपर्ने छ ।
३. प्रथम पटक सूचना प्रकाशित मितिले ३१ औं दिन दिनको १२.०० बजे भित्र यस कार्यालयकमा सिलबन्दी दर्ता गर्नु पर्ने छ । बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएको खण्डमा उक्त दिनको लगतै कार्यालय खुलेको दिन सोही समय भित्र खरिद र दाखिला गर्न सकिने छ ।
४. दर्ता भएको बोलपत्र ३१ औं दिन दिनको १४:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. दररेट पेश गर्दा प्रत्येक आईटममा अंक र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।
६. रित नपुगेका म्याद नाधि आएको वा अन्य कुनै शर्त राखिएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।
७. जुन फर्मको नामबाट बोलपत्र खरिद गरिएको हो सोही फर्मको नाममा मात्र बोलपत्र दाखिला गर्न पाईने छ ।
८. बोलपत्रदाताले E Bidding बाट एक पटक पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा उक्त कार्य E-bidding प्रकृयाबाटै गर्नुपर्नेछ ।
९. बोलपत्र पेश गर्ने व्यवसायीले आफु यो काम गर्न योग्य छु भनि स्वःघोषणा पत्र अनिवार्यरुपमा पेश गर्नु पर्नेछ ।
१० बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
११. यसमा भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४, संशोधन सहित स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ र अन्य प्रचलित ऐन कानुन अनुसार हुनेछ ।
१२. अन्य कुरा बुझ्नु परेमा यस भैरवी गाउँपालिकाको कार्यालय सयम भित्र सम्पर्क गरी बुझ्न सकिने छ ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | ल.ई. रकम भ्याट र कन्टीन्जेन्सि बाहेक | बोलपत्र फाराम दस्तुर रु. | जमानत रकम | ठेकेदारको वर्ग |
|---|---|---|---|---|---|---|
| १ | BRM/NCB/WORKS/ २०७८/०७९-१८ | मदन आश्रित प्रतिष्ठान भवन निर्माण योजना | २१९२३१०.७२ | ३००० | ७५००० | इजाजत प्राप्त निर्माण व्यवसायी |



**अनुसूची–१५**
**(दफा ३३ को उप–दफा (२) सँग सम्बन्धित)**

### काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०७८।१२।३०**

श्री मनकामना महिला सामुदायिक वन उपभोक्ता समूह, लेकवेशी न.पा. ०७, सुर्खेतको सामुदायिक वनबाट ०७८।०७९ मा उत्पादन भई समूहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्दीमा राखिएको विभिन्न जातको गोलीया थान १५९ को १३३६.२४ क्यु.फि. काठ र २.५० चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस मनकामना महिला सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय लेकवेशी न.पा.०७, सुर्खेत र डि.व.का. सुर्खेतको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री मनकामना महिला सामुदायिक वन उपभोक्ता समुह,**
लेकवेशी न.पा. ०७, सुर्खेत



## डिभिजन वन कार्यालय वीरेन्द्रनगर सुर्खेतको
### काठ/दाउरा लिलाम सम्वन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०७८।१२।३०**

यस डिभिजन वन कार्यालय अर्न्तगत दशरथपुर सव-डिभिजन वन कार्यालय तथा छिन्चु सव-डिभिजन वन कार्यालयको कार्य क्षेत्रभित्र पर्ने तपसिल सा.व. क्षेत्रहरुमा रहेका ढलापडा रुखहरुबाट उत्पादित काठ/दाउरा लिलाम प्रक्रियाद्वारा विक्री गर्नुपर्ने भएकोले यो सार्वजनिक सुचना प्रक( ाशित गरिएको छ। इच्छुक मु.अ.करमा दर्ता भएका व्यक्ति/फर्म/संस्था तथा काठ व्यवसायीहरुले यो सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र रीतपूर्वकको बोलपत्र पेश गर्नुहुन तथा विस्तृत जानकारीका लागि यस कार्यालयको सम्पर्क फोन नं. ०८३-५२०२५५ सम्पर्क राख्नुहुन सम्वन्धीत सबैलाई जानकारीका लागि अनुरोध छ। पूर्ण व्यहोराको सुचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

| प्लट नं. | रा.व.को नाम ठेगाना | सव डि.व. का. | जात | काठ क्युफि | दाउरा चट्टा |
|---|---|---|---|---|---|
| १ | लेकवेशी राष्ट्रिय वन लेकवेशी न.पा. ४ र ७ सुर्खेत | दशरथपुर सव-डि.व.का. | साल | ३४०.८६ | ०.४० |
| | | | असना | २३८.७३ | - |
| | | | जम्मा | ६२४.५९ | ०.४० |
| २ | सातपोखरी राष्ट्रिय वन भेरीगंगा न.पा. २ सुर्खेत | छिन्चु सव-डि.व.का. | साल | ३२.५७ | ०.१० |
| | सादन | | असना | ५२४.०३ | ०.४० |
| | | | ८.१३ | - | |
| | | | जम्मा | ५६०.७३ | ०.५० |
| ३. | घट्टेपाखा राष्ट्रिय वन भेरीगंगा न.पा. २, सुर्खेत | छिन्चु सव-डि.व.का. | असना | ४५०.५२ | ०.७५ |
| | | | भुकुट | ७६.९८ | - |
| | | | जम्मा | ५२७.५ | ०.७५ |



## HOSPITALITY & HOTEL MANAGEMENT COURSES

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै वारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इस्टिच्युटले दिँदै आइरहेको छ । यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् । यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगरौं ।

Hotel Training Diploma 1750 Hrs Rs 160,000
F&B Service, Production, HK, Barista, FO, CSA
English Free
Jobs.

Short Courses
- Interview Tips
- English Language
- Service Staff Training
- Customer Service & Skill Development Training

**GET TRAINED & DEVELOPE YOUR PERSONALITY**





After Training 100% Job Guarantee !

**तालिमपछि रोजगारको ग्यारेन्टी**

Best in the KTM VICTORIA INTERNATIONAL

**VICTORIA INTERNATIONAL HOTEL TRAINING & INSTITUTE PVT. LTD.**
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
३० चैत २०७८, बुधबार
13 April 2022, Wednesday

सम्पादकीय

## बन्धकमा लोकतन्त्र !

स्थानीय सरकारको पाँच वर्षे कार्यकाल पूरा भएपछि आगामी ३० वैशाखमा स्थानीय चुनाव हुँदैछ। नयाँ जनादेशका निम्ति ११ र १२ वैशाखमा मनोनयन दर्ताको समय तोकिएको छ। निर्वाचन आयोगको तालिका अनुसार आचारसंहिता लागू भइसकेको छ । दलहरूको गतिविधि, सञ्चार माध्यम र सरकारी निर्णय आचारसंहिताको दायराभित्र रहेर गर्नुपर्नेछ। गाउँघर र शहर बजारका नागरिकको चासो चुनाव केन्द्रीत छ । अन्य गतिविधि भन्दा उम्मेद्वारी दर्ताको चासो बढी छ। लोकतन्त्रमा यो स्वभाविक प्रक्रिया समेत हो। किनकि एकपटक मतदान गरिसकेपछि निर्वाचित उम्मेद्वारले पाँच वर्ष सत्ता सञ्चालन गर्नेछ । त्यसैले पनि उम्मेद्वारबारे छलफल, चासो र चिन्ता स्वभाविक हो। हुनैपर्ने छलफल नागरिक तहमा भइरहेको छ।

दलहरू पनि उम्मेद्वार तय गर्ने छलफलमा केन्द्रीत छ। कसलाई कुन तहको उम्मेद्वार बनाउने भन्ने छलफलमा दलहरू व्यस्त छन् । राष्ट्रिय दलहरूले यो चुनावमा ३७ हजार बढी उम्मेद्वार तय गर्नेछन् । तसर्थ उम्मेद्वार तय गर्ने छलफलको आयतन फराकिलो हुनु स्वभाविक छ । अझ संविधानले गरेको बहुदलीय लोकतान्त्रिक गणतन्त्रमा दलहरूको गतिविधि आवश्यक मात्रै नभएर जरूरी समेत छ । तर यसपटक दुई प्रष्ट गठबन्धनका आधारमा उम्मेद्वारी तय हुँदैछ। सत्ता साझेदार दलहरू नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी (जसपा) र राष्ट्रिय जनमोर्चाले साझा उम्मेद्वार तय गर्ने निर्णय गरेको छ। त्यसैआधारमा गठबन्धनका दलहरू भागबण्डा मिलाउन व्यस्त छ । अर्को कित्ताको नेतृत्व विपक्षी दल नेकपा एमालेले गर्दैछ । तर एमालेको उम्मेद्वार चयनमा पनि नेतृत्व हावी हुने अनुमान गरिदैछ। शीर्ष नेतृत्वसँग पहुँज भएकाले मात्रै टिकट पाउने अवस्था छ।

बहुलदीय लोकतन्त्रमा दलको नेतृत्वले निर्णय गर्नु स्वभाविक हो। तर यसले लोकतन्त्रको आधारभूत मान्यता तोड्न हुन्न । अहिले देखिएको दलहरूको तयारी भने आधारभूत लोकतन्त्रविरूद्ध देखिन्छ । किनकि स्थानीय नेतृत्वले आफ्नो उम्मेद्वार चयनको अधिकार गुमाउँदैछन्। गठबन्धनका नेताहरूले केन्द्रमा स्थानीय उम्मेद्वार टुंगो लगाउने र मतदाता तिनै उम्मेद्वारलाई मत हाल्न बाध्य हुनुपर्ने परिस्थिति सिर्जना गर्न खोजिदैछ । गठबन्धनको नेतृत्वको निर्णयमा भइरहेको ढिलाइले पनि स्थानीय नेतृत्व असन्तुष्ट हुने मात्रै नभएर निर्णय प्रक्रियामै सहभागी हुन नपाउने अवस्था बनेको छ। कम्तिमा उम्मेद्वार चयन गर्ने अधिकार समेत स्थानीय नेतृत्वलाई नदिइनु लोकतन्त्र होइन। तर बिर्सन हुन्न नेतृत्वले गरेको लोकतन्त्रविरूद्धको निर्णय मान्न मतदाता बाध्य हुन्नन्। हुन पनि हुँदैन।

# संकटमा राष्ट्रिय स्वाधीनता


*एमसीसी सम्झौता खारेज हुनैपर्छ भन्ने जनमतलाई कुल्चँदै संसदबाट जबर्जस्ती पारित गरिएकोमा देशभक्त नेपाली जनतामा ठूलो आक्रोश छ । सत्तामा बस्नेले जनमतलाई बिर्सेर बलजफ्ती गरेको कामले राष्ट्रिय स्वाधीनताको विषयमा थप संकटमा पुऱ्याएको छ ।*

अग्रलेख



● सी.पी. गजुरेल

आजभन्दा करिब २ सय वर्ष अघिसम्म नेपाल एउटा स्वतन्त्र राष्ट्र थियो । नेपालको राष्ट्रिय स्वाधीनताको रक्षा गर्ने क्रममा हाम्रा पुर्खाले गरेको अद्धितीय त्याग, वलिदान र त्यसमा प्रयोग भएको सामरिक कला कौशलको बयान इतिहासमा स्वर्ण अक्षरमा लेखिएको छ । त्यसैकारण, आफ्नो देशभक्ति र वीरताका निमित्त नेपालीहरू विश्व प्रसिद्ध भएका छन् । भारतको तत्कालिन बृटिश साम्राज्यवादी सरकारसँग नेपालको तत्कालिन राजतन्त्रले आत्म समर्पण गर्न पुग्यो । दुई देशका सरकारका बीचमा सन् १८१६ मा भएको राष्ट्रघाती सुगौली सन्धि पछि, नेपाल भारतको अर्ध उपनिवेशमा परिणत भयो । यो घटनाले नेपालले झण्डै आधा भूभाग तत्कालिन भारतको बृटिश सरकारको पक्षमा गुमाउन मात्र पुगेन, विश्वमा उसको देशभक्तिप्रतिको कीर्तिमान र राष्ट्रिय स्वाभिमानमा पनि नराम्रो दाग लाग्यो ।



सुगौली सन्धि भएपश्चात नेपालमा पटक-पटक राजनीतिक संघर्षहरू भए । केही आंशिक परिवर्तनहरू पनि भए । परन्तु नेपालको राष्ट्रिय स्वाधीनताको स्थितिमा सकारात्मक परिवर्तन भने हुन सकेन । जति जति व्यवस्थाहरू परिवर्तन हुँदै गए, झन् झन् राष्ट्रको हैसियत खस्कँदै अर्धऔपनिवेशिक हुँदै नवऔपनिवेशिक अवस्था तिर झर्न पुग्यो । नेपालमा १०४ वर्षसम्म सामन्ती, निरंकुश शासन व्यवस्था कायम भयो । सम्वत् २००७ सालमा त्यो निरंकुश शासनका विरूद्ध विस्फोट भएको जनआन्दोलनबाट त्रसित राणा शासकहरूको भय दोहन गर्दै नेपाल र भारतका बीचमा '१९५० को सन्धि' भयो । उक्त सन्धिले नेपाललाई भारतको अर्ध उपनिवेश बनाउने काम गऱ्यो । राणा शासनको अन्त्यपछि शासन व्यवस्थामा थोरै हेरफेर भयो । सरकार बदलियो । तर, त्यहि सरकारबाट नेपाललाई प्रकृतिले वरदानका रूपमा दिएको जलस्रोत र नदी नालालाई विभिन्न असमान सन्धि सम्झौता गरेर भारतको हातमा सुम्पने काम भयो ।

देशभक्त नेपाली जनताले पटक-पटक देशभक्तिपूर्ण संघर्षहरू गर्दै आएका छन्, तर विदेशी हस्तक्षेप भने नयाँ-नयाँ किसिमले झन्-झन् बढ्दै गएको छ । यो दुर्भाग्यपूर्ण अवस्था हो । यस प्रकार, नेपाल दक्षिणतिरको छिमेकी भारतबाट उत्पीडित हुँदै आएको छ । यो बाह्य हस्तक्षेपबाट नेपाललाई मुक्त पार्नका लागि देशभक्तहरूले संघर्ष त गर्दै आएका छन् । तर, ती संघर्षहरूले सकारात्मक परिणाम ल्याइहाल्न नसकेको कुरा माथि उल्लेख गरि सकिएको छ । भारतीय हस्तक्षेपका कारण, नेपालले आफ्नै नदीको पानीको उपयोग गर्न नपाउने, भारतले सिमानामा बनाएको अग्लो सडक र बाँधका कारण तराईको जमिन र घरहरू हरेक साल डुबानमा पर्नुपर्ने, नेपाली युवाले महाकाली नदी तर्दा भारतीय सीमा सुरक्षाबलले तुइन झारिदिँदा मृत्युवरण गर्नुपर्ने, भारतीय सामानले नेपाली बजार कब्जा गर्दा नेपाली उत्पादकले बजार नपाउने अवस्थाको सामना गर्नुपर्ने जस्ता अनेक समस्या व्यहोर्नु परेको छ । नेपाली नक्सामा प्रकाशित भैसकेको लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालले नै भोग चलन गर्न नपाउने अवस्थाबाट हामी गुज्रिरहेका छौं । अहिलेसम्म यी र अन्य राष्ट्रिय स्वाधीनता सम्बन्धि समस्याहरू ज्युँका त्युँ कायमै छन्, समाधान गर्न सकिएको छैन ।

> देशभक्त नेपाली जनताले पटक-पटक देशभक्तिपूर्ण संघर्षहरू गर्दै आएका छन्, तर विदेशी हस्तक्षेप भने नयाँ-नयाँ किसिमले झन्-झन् बढ्दै गएको छ । नेपाल दक्षिणतिरको छिमेकी भारतबाट निरन्तर उत्पीडित हुँदै आएको छ । यो बाह्य हस्तक्षेपबाट नेपाललाई मुक्त पार्नका लागि देशभक्तहरूले संघर्ष त गर्दै आएका छन् तर, ती संघर्षहरूले सकारात्मक परिणाम ल्याइहाल्न नसकेको तितो यथार्थ हामीसँग छ ।

विश्वकै शक्तिशाली अमेरिकी साम्राज्यवाद ५० करोड अमेरिकी 'सहयोग' दिने भन्ने नाममा हिन्द प्रशान्त रणनीतिअन्तर्गतको एमसीसी परियोजना लिएर नेपाल भित्रिएको छ । गत फागुन १५ गते नेपालको संसद र सरकारमा भएका ४ दलीय गठबन्धन र प्रतिपक्षमा भएको एमाले मिलेर राष्ट्रघाती एमसीसी सम्झौतालाई तामझामका साथ संसदको बाटो गरी नेपाल प्रवेश गराएका छन् । यसैगरी एमसीसीको कोसेली लिएर युक्रेन पसेको अमेरिकाले युक्रेनलाई नेटोको सदस्य बनाउने कसरत गरेपछि यसैलाई कारण देखाई रूसको आक्रमणको निसानामा परेको घटनाबाट नेपालीहरू तरंगित भएका छन् । विदेशमा घटेका महत्वपूर्ण घटनाहरूमा महिनौंसम्म कुनै प्रतिक्रिया नदिई बस्ने नेपालले संयुक्त राष्ट्र संघको मानव अधिकारसम्बन्धी संगठनले राखेको प्रस्तावमा संसदबाट एमसीसी पारित गरेको दुई हप्ता पनि नबित्दै रूसको विरोधमा रूसको बिरोधमा मतदान गर्ने काम भयो । यसमा नेपाललाई उत्प्रेरित गर्ने जो बाइडेन नेतृत्वको अमेरिकी सरकार र एमसीसी हो भन्ने धेरैको भनाई छ ।

